# नेपाल सरकार

## महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौँ

**बाढी तथा मानवीय संकटसम्बन्धी दैनिक कार्य अपडेट**

दैनिक अद्यावधिक विवरण | मितिः २०८३ भदौ १५ गते / 31 August 2026

**०१** **परिवारको पहिचान हुन नसकेका तथा परिवारबाट छुट्टिएका बालबालिकाको संरक्षण तथा व्यवस्थापनः-** बाढी तथा विपद्का कारण परिवारबाट छुट्टिएका, अभिभावक वा परिवारका सदस्य हालसम्म पत्ता नलागेका वा पहिचान हुन बाँकी रहेका बालबालिकाको सुरक्षित संरक्षण तथा व्यवस्थापनका लागि मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्ले समन्वय गरी कार्य गरिरहेका छन्। यस्ता बालबालिकाको परिवार खोजी, पहिचान तथा सम्भव भएसम्म परिवारसँग पुनर्मिलनलाई प्राथमिकता दिँदै, तत्काल आवश्यक सुरक्षित संरक्षण तथा वैकल्पिक हेरचाहको व्यवस्था नेपालको प्रचलित कानून, बालबालिकाको सर्वोत्तम हितको सिद्धान्त तथा स्थापित अन्तर्राष्ट्रिय बाल संरक्षण मापदण्ड र प्रोटोकलअनुसार गर्ने तयारी भइरहेको छ।

**०२** **विपद् प्रभावित गर्भवती तथा सुत्केरी महिलाका लागि विशेष Hotline तथा Referral सेवाः-** बाढी तथा विपद् प्रभावित गर्भवती तथा सुत्केरी महिला, नवजात शिशु तथा परिवारलाई तत्काल उद्धार, स्वास्थ्य सेवा, सुरक्षित स्थानमा स्थानान्तरण, संरक्षण तथा पुनर्स्थापना सहयोगमा पहुँच सहज बनाउन मन्त्रालयले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसँगको समन्वयमा विशेष Hotline तथा Referral सेवा सञ्चालनमा ल्याएको छ।

**तत्काल उद्धार, संरक्षण तथा पुनर्स्थापनाः** 9841614586 | 9841386871

**आकस्मिक स्वास्थ्य सेवाः** 1115 **Wheelchair आवश्यक भएमाः** 9860097899 — अपाङ्गता अधिकार प्रवर्द्धन शाखा

**०३** **विपद् प्रभावित ज्येष्ठ नागरिकको उद्धार, उपचार तथा अस्थायी व्यवस्थापनः-** मन्त्रालयअन्तर्गत ज्येष्ठ नागरिक संरक्षण शाखाले बाढीबाट प्रभावित ज्येष्ठ नागरिकको अवस्थाबारे सम्बन्धित आश्रम तथा निकायसँग समन्वय गरी विवरण संकलन तथा आवश्यक व्यवस्थापनमा सहजीकरण गरिरहेको छ। देवीघाट ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठान, नुवाकोटबाट प्राप्त विवरणअनुसार, आश्रममा रहेका ३४ ज्येष्ठ नागरिकमध्ये २४ जनाको उद्धार गरिएको छ। हालसम्म ५ जना बेपत्ता रहेको, १ जनाको मृत्यु भएको, तथा घाइते/स्वास्थ्य समस्या भएका ज्येष्ठ नागरिकको विभिन्न अस्पतालमा उपचार भइरहेको छ। त्यसैगरी, ७ जनालाई आफन्तको जिम्मामा पठाइएको छ भने १४ जना उद्धार गरिएका ज्येष्ठ नागरिकलाई नुवाकोटको आयुर्वेद भवनमा अस्थायी रूपमा राखिएको छ। उनीहरूको थप सुरक्षित व्यवस्थापनका लागि सम्बन्धित Care Home लगायतका संस्थासँग समन्वय भइरहेको छ।

**०४** **मानव बेचबिखन तथा ओसारपसारविरुद्ध निरन्तर निगरानी गर्न आग्रहः-** हालको बाढी तथा विपद्का कारण सरकारी तथा गैरसरकारी निकायहरू उद्धार, राहत तथा प्रतिकार्यमा केन्द्रित हुनुपर्ने अवस्थालाई ध्यानमा राख्दै भदौ २० गते आयोजना गरिने मानव बेचबिखन तथा ओसारपसारविरुद्धको २०औँ राष्ट्रिय दिवससम्बन्धी निर्धारित कार्यक्रमहरू स्थगित गरिएको छ। साथै, विपद्को संवेदनशील अवस्थाको दुरुपयोग गरी महिला, बालबालिका तथा जोखिममा रहेका व्यक्तिहरू मानव बेचबिखन तथा ओसारपसारको जोखिममा पर्न सक्ने भएकाले सबै सरकारी तथा गैरसरकारी निकाय, सरोकारवाला तथा समुदायलाई निरन्तर निगरानी, सतर्कता तथा आवश्यक संरक्षण कार्यमा सक्रिय रहन मन्त्रालयले अनुरोध गरेको छ।

**०५** **जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको संरक्षणमा समन्वय निरन्तरः-** मन्त्रालयले Protection Cluster, राष्ट्रिय बाल अधिकार परिषद्, स्वास्थ्यसम्बन्धी निकाय, ज्येष्ठ नागरिक संरक्षणसम्बन्धी संस्था, अपाङ्गता अधिकारसम्बन्धी निकाय तथा अन्य सरकारी एवं गैरसरकारी साझेदारसँग समन्वय गरी जोखिममा रहेका महिला, गर्भवती तथा सुत्केरी महिला, नवजात शिशु, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको पहिचान, उद्धार, सुरक्षित संरक्षण, उपचार, Referral तथा पुनर्स्थापनाका कार्यलाई निरन्तरता दिएको छ।